# सम्पूर्ण खाद्य व्यवसायीहरुमा अनुरोध

विश्वव्यापी रुपमा फैलिरहेको COVID-19 को सन्दर्भमा खाद्य स्वच्छता तथा गुणस्तर नियमन निकायको रुपमा यस खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अत्यन्तै सजग रहेको व्यहोरा सम्बन्धित सबैमा अनुरोध गर्दछौं ।

यस विषम परिस्थितिमा खाद्य व्यवसायीहरुले स्वच्छ तथा गुणस्तरीय खाद्य पदार्थ प्रशोधन, उत्पादन, आयात निर्यात, ढुवानी, भण्डारण एवं विक्रिवितरणका लागि विद्यमान खाद्य ऐन, नियम, निर्देशिका तथा मापदण्डको पूर्ण परिपालनाका साथै असल उत्पादन अभ्यास, असल सरसफाई अभ्यास एवं व्यक्तिगत सरसफाईमा विशेष ध्यान दिई कुनै पनि संक्रमित रोग लागेका कामदारहरुलाई खाद्य व्यवसायमा सम्लग्न हुन नदिने जस्ता कार्यमा सजग भई स्वच्छ तथा गुणस्तरीय खाद्य उत्पादन सूचारु गरी आपूर्तिमा सहजीकरण गरी दिनु हुन अनुरोध गर्दछौं ।विभागले खाद्य स्वच्छता एवं गुणस्तरका विषयमा निरीक्षण तथा अनुगमन गर्दै रहेको व्यहोरा समेत जानकारी गराउँदछौं ।

COVID-19 संक्रमण रोकथामका लागि हामी सबैले सहकार्य गरी विश्व स्वास्थ्य संगठन (WHO) तथा नेपाल सरकारले सर्वसाधारणका लागि जारी गरेका सूचना एवं सावधानीका विषयमा ध्यान दिई सो को पूर्ण परिपालना गर्न समेत हार्दिक अनुरोध गर्दछौं ।


नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

बबरमहल, काठमाडौं